# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) विराटनगर, नेपाल, आश्विन २० गते, २०७८ साल (अतिरिक्ताङ्क १४

## भाग २

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

### प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन) नियमावली, २०७८

**प्रस्तावना**: नेपालको संविधानको धारा १७६ को उपधारा (२) बमोजिम कायम रहेका निर्वाचन क्षेत्रको पूर्वाधार विकासमा टेवा पुऱ्याउने उद्देश्य अनुरुप प्रदेश सरकारले

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

विनियोजन ऐनमा व्यवस्था गरे बमोजिम पूर्वाधार विकास कार्यक्रमलाई विश्वसनीय, प्रभावकारी, पारदर्शी, जवाफदेही, जनउत्तरदायी एवम् कार्यन्वयन योग्य बनाउन वाञ्छनीय भएकोले,

प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) ले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम **"प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन) नियमावली, २०७८"** रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) **"कार्यक्रम"** भन्नाले यस नियमावली बमोजिम सञ्चालन हुने निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सम्झनु पर्छ र सो शब्दले त्यस्ता कार्यक्रम अन्तर्गत सञ्चालन हुने पूर्वाधार निर्माण आयोजनालाई समेत जनाउँछ ।

(ख) **"उपभोक्ता समिति"** भन्नाले यस नियमावली बमोजिम सञ्चालन हुने कार्यक्रम कार्यान्वयन र व्यवस्थापन गर्न कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरु मध्येबाट प्रचलित कानून बमोजिम गठित उपभोक्ता समिति सम्झनु पर्छ।

(ग) **"कार्यालय"** भन्नाले प्रदेश सरकार अन्तर्गतका कार्यालयहरु सम्झनु पर्छ ।

(घ) **"प्रचलित कानून"** भन्नाले नेपाल सरकार वा प्रदेश सरकारले जारी गरेको कानून सम्झनु पर्छ।

(ङ) **"मन्त्रालय"** भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. १ सम्झनु पर्छ ।

(च) **"समिति"** भन्नाले यस नियमावली बमोजिम गठित दफा ४ बमोजिमको समिति सम्झनु पर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(छ) **"संयोजक"** भन्नाले सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित प्रदेश सभा सदस्य सम्झनु पर्छ ।

(ज) **"सदस्य"** भन्नाले यस नियमावली बमोजिम गठित दफा ४ बमोजिमको समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको संयोजक र सदस्य सचिवलाई समेत जनाउँछ ।

(झ) **"सदस्य सचिव"** भन्नाले जिल्ला समन्वय अधिकारी सम्झनु पर्छ ।

(ञ) **"स्थानीय तह"** भन्नाले गाँउपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिकालाई समेत जनाउँछ ।

३. **निर्वाचन क्षेत्र रोज्नु पर्ने:** यस नियमावली बमोजिम कार्यक्रम सञ्चालन गर्न समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित सदस्यले प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र प्रदेश भित्रको जिल्लाको कुनै एक प्रदेश निर्वाचन क्षेत्र रोजेको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

४. **कार्यक्रम छनौट, सञ्चालन तथा व्यवस्थापन समिति:** यस नियमावली बमोजिम कार्यक्रमको छनौट, सञ्चालन, व्यवस्थापन तथा अनुगमन समेत गर्न प्रत्येक निर्वाचन क्षेत्रमा देहाय बमोजिमको एक कार्यक्रम छनौट, सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः-

(क) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (क) बमोजिम कायम रहेको निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभाका सदस्य - संयोजक

(ख) संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (ख) बमोजिम समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभा सदस्य - सदस्य

(ग) सम्बन्धित जिल्ला समन्वय समितिको प्रमुख - सदस्य
(घ) सम्बन्धित पूर्वाधार विकास कार्यालयका प्रमुख - सदस्य
(ङ) जिल्ला समन्वय अधिकारी -सदस्य सचिव

५. **समितिको बैठकसम्बन्धी कार्यविधिः** (१) समितिको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ।

(२) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य सचिवले तोकेको कार्यालयमा बस्नेछ।

(३) उपनियम (२) बमोजिम बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तीमा सात दिन अगावै सदस्य सचिवले सदस्यहरुलाई दिनु पर्नेछ।

(४) कुनै सदस्यको अनुपस्थितिको कारणले मात्र समितिको बैठकको काम कारवाहीमा बाधा पुग्ने छैन।

(५) समितिको निर्णय सर्वसम्मतिबाट हुनेछ। यसरी सर्वसम्मति हुन नसकेमा संयोजकको मत निर्णायक हुनेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपालको संविधानको धारा १७६ को उपधारा (२) बमोजिम कायम रहेका निर्वाचन क्षेत्र अन्तर्गत रहेका स्थानीय तहको वार्षिक विकास कार्यक्रम सङ्कलन तथा विश्लेषण गर्ने,

(ख) यस नियमावली अन्तर्गत सञ्चालन हुने कार्यक्रम छनौटका मापदण्डहरु तयार गर्ने,

(ग) छनौट भएका कार्यक्रमको स्वीकृति प्रदान गर्ने,

(घ) समितिबाट स्वीकृत भएका कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयमा लेखी पठाउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ङ) यस नियमावली अन्तर्गत कार्यान्वयन हुने कार्यक्रमहरुको अनुगमन गर्ने, र

(च) कार्यक्रम सञ्चालनमा आउने बाधा अड्चन सामाधान गर्न पहल गर्ने।

७. **कार्यक्रमको किसिमः** (१) यस नियमावली बमोजिम देहायका सार्वजनिक उपयोगसँग सम्बन्धित भौतिक पूर्वाधार विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछः-

(क) नदी, गल्छी तथा पहिरो नियन्त्रण एवम् सिंचाई सम्बन्धी आयोजना,

(ख) सडक निर्माण तथा स्तरोन्नति (सडक, सडक पुल, झोलुङ्गे पुल, कल्भर्ट, ढल, काठेपुल निर्माण) सम्बन्धी आयोजना,

(ग) खानेपानी तथा सरसफाई, फोहरमैला व्यवस्थापन तथा ल्याण्डफिल्ड साईट निर्माण आयोजना,

(घ) ऐतिहासिक, धार्मिक, साँस्कृतिक, साहित्य, कला एवम् पुरातात्विक/ पर्यटकीय स्थलको संरक्षण, जीर्णोधार तथा निर्माण आयोजना,

(ङ) नवीकरणीय उर्जा, लघु-जलविद्युत तथा विद्युतीकरण सम्बन्धी आयोजना,

(च) स्वास्थ्य चौकी, प्रसुती भवन, बाल विकास केन्द्र, विपन्न एवम् भूमिहीन अपाङ्गता भएका नागरिकहरुको लागि आवास भवन, बृद्धाश्रम, अनाथालय तथा पुनर्स्थापना केन्द्र निर्माण सम्बन्धी आयोजना,

(छ) कृषि उपज सङ्कलन केन्द्र निर्माण तथा कृषि एवम् पशुपंक्षी हाट बजार व्यवस्थापन सम्बन्धी पूर्वाधार आयोजना,

(ज) उद्योग तथा पर्यटन प्रवर्द्धन सम्बन्धी पूर्वाधार आयोजना,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ५

(झ) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकास सम्बन्धी आयोजना,

(ञ) आधुनिक शिक्षा, प्राविधिक शिक्षा एवम् जनउपयोगी शिक्षा, आधारभूत एवम् उच्च शिक्षा सम्बन्धी पूर्वाधार आयोजना,

(ट) सार्वजनिक उद्यान तथा सभागृह निर्माण सम्बन्धी आयोजना,

(ठ) सामुदायिक संरचना तथा पूर्वाधार सम्बन्धी आयोजना, र

(ड) विपद् व्यवस्थापन लगायतका आधारभूत आवश्यकतालाई सम्बोधन गर्ने सम्बन्धी अन्य पूर्वाधार आयोजना।

(२) उपनियम (१) बमोजिमका कार्यक्रम सञ्चालन गर्दा सामग्री खरिद गरी वितरण गर्न, गैर सरकारी संस्था मार्फत् कार्यक्रम कार्यान्वयन गर्न र भौतिक पूर्वाधार विकास बाहेक अन्य प्रकृतिका कार्यक्रम छनौट गर्न पाइने छैन ।

तर कुनै गैर सरकारी संस्थाले चालीस प्रतिशत भन्दा बढी रकम कार्यक्रम सञ्चालनका लागि साझेदारी गर्न चाहेमा त्यस्ता गैर सरकारी संस्था मार्फत् कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

८. <u>कार्यक्रम छनौट</u>ः (१) नियम ७ को अधिनमा रही प्रस्ताव भएका आयोजनाहरु सङ्घ, प्रदेश र स्थानीय तहको आयोजनासँग दोहोरो नपर्ने गरी समितिले यस नियमावली बमोजिम कार्यान्वयनयोग्य आयोजना छनौट गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम आयोजना छनौट गर्दा कम्तीमा बीस लाख रुपैयाँ विनियोजन हुने गरी कम्तीमा एक वटा आयोजना र कम्तीमा पाँच लाख रुपैयाँ विनियोजन हुने गरी अन्य आयोजनाहरु छनौट गर्नुपर्नेछ ।

(३) समितिले नियम ७ बमोजिमका आयोजना छनौट गर्दा देहायका आयोजनालाई समेत प्राथमिकता दिनु पर्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

(क) प्रदेशको आवधिक विकास योजना र अन्य क्षेत्रगत योजनाको प्राथमिकतामा परेका पूर्वाधार सम्बन्धी आयोजना,

(ख) श्रममा आधारित रोजगारी सिर्जना गर्ने किसिमका पूर्वाधार सम्बन्धी आयोजना,

(ग) अपेक्षाकृत बढी जनसहभागिता हुने पूर्वाधार सम्बन्धी आयोजना,

(घ) विपदबाट क्षति भएको वा हुन सक्ने समस्यालाई सम्बोधन गर्ने पूर्व तयारी र जोखिम न्यूनिकरण गर्ने पूर्वाधार सम्बन्धी आयोजना,

(ङ) सम्बन्धित निर्वाचन क्षेत्रभित्रका स्थानीय तहले छनौट गर्नका लागि अनुरोध गरेका दीर्घकालीन महत्वका पूर्वाधार सम्बन्धी आयोजना

(च) स्थानीय तहले समेत लागत साझेदारी गर्ने गरी अनुरोध गरेको पूर्वाधार सम्बन्धी आयोजना, र

(छ) साविकको स्थानीय निकाय, साविकको जिल्ला विकास समिति, विषयगत कार्यालय तथा समुदायद्वारा सञ्चालित अधुरा रहेका पूर्वाधार विकास सम्बन्धी आयोजना।

(४) समितिले उपनियम (१), (२) र (३) बमोजिम आयोजना छनौट गर्दा एक आर्थिक वर्षमा सम्पन्न गर्न सकिने आयोजना प्रत्येक आर्थिक वर्षको मंसिर १५ गतेभित्र छनौट गरी अनुसूची-१ बमोजिमको कार्यान्वयन तालिका, अनुसूची-२ बमोजिमको विवरण र अनुसूची-३ बमोजिमको वार्षिक कार्यक्रमको विवरण सहित मंसिर मसान्तभित्र मन्त्रालय तथा प्रदेश लेखा नियन्त्रकको कार्यालयमा पठाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको अवधिभित्र आयोजना पेश नगरेमा यो नियम बमोजिमको रकम निकासा हुने छैन ।

(७) समितिले छनौट गरी मन्त्रालयमा पठाएको आयोजना यस नियमावली बमोजिम भए नभएको यकिन गरी सञ्चालन हुने आयोजना र

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

आयोजना कार्यान्वयन गर्ने निकाय तोकि प्रतिवेदन पेश गर्न देहाय बमोजिमको एक कार्यदल रहनेछः-

(क) सचिव, शासकीय सुधार तथा समन्वय महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - संयोजक

(ख) अधिकृतस्तर सातौं वा आठौं वा सो सरहको अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ग) अधिकृतस्तर सातौं वा आठौं वा सो सरहको अधिकृत, भौतिक पूर्वाधार विकास मन्त्रालय - सदस्य

(घ) अधिकृतस्तर सातौं वा आठौं वा सो सरहको अधिकृत, प्रदेश लेखा नियन्त्रक कार्यालय - सदस्य

(ङ) अधिकृतस्तर सातौं वा आठौं वा सो सरहको अधिकृत, योजना अनुगमन तथा नतिजा व्यवस्थापन शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य सचिव

(८) समितिले छनौट गरी पठाएको आयोजना यस नियमावली बमोजिम नभएको ठहर उपनियम (७) बमोजिमको कार्यदलले गरेमा सो आयोजना परिर्वतन गर्न मन्त्रालयले समितिलाई जानकारी गराउनेछ र समितिले पुस मसान्तभित्र सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रभित्रको अर्को आयोजना छनौट गर्न सक्नेछ ।

(९) उपनियम (८) बमोजिम छनौट गरिएको नयाँ आयोजनाको विवरण उपनियम (४) बमोजिमको अनुसूचीमा तोकिएको ढाँचा बमोजिमको विवरण र समितिको निर्णय समेत संलग्न गरी निर्णय भएको सात दिनभित्र मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

(१०) माघ मसान्तभित्र कुनै आयोजनाको सम्बन्धमा सम्झौता हुन नसकेमा वा कुनै स्वीकृत आयोजनाको सम्बन्धमा विवाद उत्पन्न भई कार्यान्वयन गर्न नसक्ने परिस्थिति सृजना भई आयोजना संशोधन गर्नु परेमा समितिले संशोधनको लागि प्रस्ताव हुने आयोजनाको कार्य प्रारम्भ भए नभएको एकीन गरी सम्बन्धित कार्यालयबाट खरिद प्रक्रियामा नगएको सिफारिस भई आएमा फागुन मसान्तभित्र आयोजना संशोधन गरी उपनियम (४) बमोजिमको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूचीमा तोकिएको ढाँचा बमोजिमको विवरण र समितिको निर्णय समेत संलग्न गरी निर्णय भएको सात दिनभित्र मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

(११) उपनियम (८), (९) र (१०) बमोजिम परिवर्तन भएको आयोजनाको आर्थिक व्यवस्थापन नियम १० बमोजिम गरिनेछ ।

(१२) यस नियमावली बमोजिम मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा आयोजना छनौटको विवरण उपलब्ध गराउने जिम्मेवारी सदस्य सचिवको हुनेछ ।

(१३) आयोजना कार्यान्वयन गर्दा आयोजना स्थल, लागत, विनियोजित बजेट, उपभोक्ता समिति वा निर्माण व्यवसायीको नाम समेत खुल्ने गरी सोको जानकारी सम्बन्धित आयोजना स्थल, कार्यालयको सूचनापाटी तथा वेभसाईटमा राख्नु पर्नेछ ।

९. **साझेदारी गर्न सकिने**: (१) यस नियमावली बमोजिम उपभोक्ता समिति मार्फत् कार्यान्वयन गरिने आयोजना मध्ये भवन र पुल भए उपभोक्ता समितिले कम्तिमा दश प्रतिशत र अन्य आयोजना भए कम्तिमा बीस प्रतिशत रकम योगदान गर्नु पर्नेछ।

(२) कार्यालयले उपनियम (१) र नियम ८ को उपनियम (३) को खण्ड (च) बमोजिमको रकम समेत समावेश गरी आयोजनाको कूल लागत अनुमान तयार गर्नु पर्नेछ।

१०. **आयोजनाको सञ्चालन तथा कार्यान्वयन**: (१) समितिबाट यस नियमावली बमोजिम छनौट भई आएका आयोजना नियम ८ को उपनियम (७) बमोजिमको कार्यदलको प्रतिवेदनको आधारमा मन्त्रालयले आयोजना कार्यान्वयन हुने कार्यालय र आयोजनाको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त विवरणको आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालयले सिफारिस भएको आयोजना कार्यान्वयनको लागि आयोजनाको विवरण र अख्तियारी सहित सम्बन्धित कार्यालयमा लेखी



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

पठाउनु पर्नेछ र सोको जानकारी मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई समेत दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम छनौट भई आएका आयोजना सञ्चालन तथा कार्यान्वयन गर्नु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुनेछ।

(४) उपनियम (२) बमोजिम छनौट भई आएका आयोजना सम्बन्धित कार्यालयले कार्यान्वयन नगरेमा कार्यालय प्रमुखलाई प्रचलित कानून बमोजिम कारवाही गर्न सकिनेछ र त्यस्तो आयोजना कार्यान्वयनका लागि मन्त्रालयले वैकल्पिक व्यवस्था गर्न सक्नेछ।

११. <u>रकम विनियोजन तथा निकासा सम्बन्धी व्यवस्थाः</u> (१) यस नियमावली बमोजिम छनौट भएका आयोजना कार्यान्वयनका लागि प्रदेश सरकारले प्रत्येक प्रदेश निर्वाचन क्षेत्रका लागि वार्षिक बजेटले तोकेको सीमाभित्र रही रकम विनियोजन गर्नु पर्नेछ।

(२) यस नियमावली बमोजिम आयोजना छनौट गरी कार्यान्वयनमा गई सकेपछि प्रदेश सभाका सदस्यको कार्यकाल समाप्त भएपनि आयोजना कार्यान्वयन तथा रकम निकासा गर्न कुनै बाधा पर्ने छैन।

१२. <u>सार्वजनिक परीक्षणः</u> (१) यस नियमावली बमोजिम सञ्चालित आयोजनाहरुको कार्य सम्पन्न भएपछि आयोजना कार्यान्वयन गर्ने कार्यालयले समितिको संयोजक वा सदस्यको उपस्थितिमा सार्वजनिक लेखा परीक्षण गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको परीक्षण देहाय बमोजिम गर्न सकिनेछः-

(क) सार्वजिनक सुनुवाई गरेर, वा

(ख) आम्दानी खर्चको विवरण जाँच गरेर, वा

(ग) नागरिक समाजबाट सामाजिक परीक्षण गराएर ।

(३) उपनियम (१) बमोजिम सार्वजनिक परीक्षण गरेको प्रतिवेदन संगलग्न नभएसम्म सम्बन्धित कार्यालयले अन्तिम भुक्तानी दिने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

१३. **<u>लेखा तथा लेखापरीक्षण</u>**: (१) आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त अख्तियारी बमोजिमको रकम निकासा लिई खर्च गर्ने र श्रेस्ता राख्ने सम्बन्धी सम्पूर्ण कार्यको जिम्मेवारी सम्बन्धित कार्यालयको हुनेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त रकमको सम्बन्धित कार्यालयले प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गर्नु गराउनु पर्नेछ।

१४. **<u>सुपरिवेक्षण तथा अनुगमन</u>**: (१) यस नियमावली बमोजिम कार्यान्वयन गरिने आयोजनाहरुको सुपरिवेक्षण तथा अनुगमन गर्न समितिका सदस्य सचिवको नेतृत्वमा, सम्बन्धित पूर्वाधार विकास कार्यालयका प्रमुख र सम्बन्धित वडा अध्यक्ष सम्मिलित एक अनुगमन तथा सुपरिवेक्षण टोली रहनेछ । सो टोलीमा समितिका संयोजक, सम्बन्धित स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष लगायत अन्य पदाधिकारीलाई संलग्न गराउन सकिनेछ।

(२) उपनियम (१) बमोजिमको टोलीले एक आर्थिक वर्षमा कम्तीमा दुई पटक अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालय र सम्बन्धित कार्यालयमा दिनु पर्नेछ।

(३) कुनै आयोजना कार्यान्वयनको सम्बन्धमा समय, परीमाण, लागत र गुणस्तर सम्बन्धी कुनै प्रश्न उठेमा मन्त्रालयले सो सम्बन्धमा अनुगमन र जाँचबुझको लागि छुट्टै विशेष अनुगमन टोली गठन गर्न सक्नेछ।

(४) यस नियमावली बमोजिम सञ्चालित आयोजनाको अनुगमन गर्न प्रदेश सरकारले अधिकार सम्पन्न अनुगमन समिति गठन गर्न सक्नेछ । सो समितिले सञ्चालित आयोजनाको अनुगमन निरीक्षण गरी सम्बन्धित समितिका संयोजक, सम्बन्धित कार्यालय वा मन्त्रालयलाई आवश्यक सुझाव दिन सक्नेछ।

(५) यस नियम बमोजिम गरिने अनुगमनका सन्दर्भमा दिईएको सुझावहरु कार्यान्वयन गर्नु समिति, सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी तथा सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुनेछ।

(६) समितिले आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

१५. **<u>आयोजनाको सम्झौता, पेश्की, प्राविधिक मुल्याङ्कन, जाँचपास र फरफारकः</u>** (१) उपभोक्ता समिति मार्फत् सञ्चालन भएका आयोजनाको हकमा सम्बन्धित उपभोक्ता समितिले खर्चको बील भौचर सहितको विवरण र ठेक्काबाट भएकाको हकमा ठेक्का बील लगायतका आवश्यक कागजात सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको विवरण प्राप्त भएमा सम्बन्धित कार्यालयको प्रमुख ले जाँचपासको लागि प्राविधिक कर्मचारी खटाई सम्पन्न भएका कामको सम्बन्धमा प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम खटिएको कर्मचारीले लागत इष्टमेट अनुसार गुणस्तरीय काम भए नभएको स्पष्ट खुलाई प्रतिवेदन दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको प्रतिवेदनबाट लागत इष्टमेट अनुसार गुणस्तरीय काम भएको भन्ने देखिन आएमा र यस नियमावली बमोजिमको प्रकृया पूरा भएको अवस्थामा कार्यालय प्रमुखले प्रचलित कानून बमोजिम त्यस्तो कामको हिसाब फरफारक गरी सोको विवरण तत्काल सार्वजनिक गर्नु पर्नेछ।

१६. **<u>कार्यक्रमको प्रशासनिक खर्च सम्बन्धी व्यवस्थाः</u>** (१) यस नियमावली बमोजिम सञ्चालन हुने कार्यक्रमको छनौटका लागि बैठक व्यवस्थापन गर्न, अनुगमन तथा मूल्याङ्कन गर्न, आयोजनाको प्रभावकारी कार्यान्वयन गर्न, रेखदेख गर्न, सहजीकरण गर्न, प्रतिवेदन तयार गर्न, कार्यक्रमसँग सम्बन्धित प्रशासनिक र प्राविधिक विषयमा खर्च गर्न देहाय बमोजिम कन्टेन्जेन्सी बापत रकम उपलब्ध गराईनेछः-

(क) सम्वन्धित जिल्ला समन्वय समितिलाई कार्यक्रम सञ्चालनका लागि छुट्याइएको कूल रकमको एक प्रतिशत,

(ख) कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयलाई कार्यक्रम सञ्चालनका लागि पठाइने कुल रकमको एक प्रतिशत, र



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

(ग) समितिको संयोजकले यस नियम बमोजिमको कार्य गर्न कानून बमोजिम तोकेको प्रतिनिधिको परिचालन व्यवस्थापन वापत कार्यक्रम सञ्चालनका लागि छुट्याइएको कूल रकमको एक प्रतिशत ।

(२) उपनियम (१) को खण्ड (क) र (ग) बमोजिमको कन्टेन्जेन्सी रकम सम्बन्धित जिल्ला समन्वय समितिमा पठाइनेछ । सो बमोजिमको कन्टेन्जेन्सी रकम प्रचलित कानून बमोजिम खर्च गर्न सकिनेछ ।

(३) उपनियम (१) को खण्ड (ख) बमोजिमको कन्टेन्जेन्सी रकम कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयमा पठाइनेछ । सो बमोजिमको कन्टेन्जेन्सी रकम प्रचलित कानून बमोजिम खर्च गर्न सकिनेछ ।

(४) उपनियम (१) को खण्ड (ग) बमोजिमको प्रतिनिधिले आफूले सम्पादन गरेको कामको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित कार्यालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

१७. **प्रतिवेदन तथा प्रगति समीक्षाः** (१) सम्बन्धित कार्यालयको प्रमुखले सञ्चालित आयोजनाको प्रगति प्रतिवेदन प्रत्येक चौमासिक अवधि समाप्त भएको मितिले पन्ध्र दिनभित्र समितिमा पठाउनु पर्नेछ र समितिको सचिवले सो प्रतिवेदन प्रमाणित गरी मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) सम्वन्धित कार्यालयको प्रमुखले कार्यालयको नियमित समीक्षा बैठकमा उपनियम (१) बमोजिमको प्रगति विवरण पेश गरी समीक्षा गर्नु पर्नेछ।

१८. **मन्त्रालयले निर्देशन दिन सक्नेः** यस नियमावलीको प्रभावकारी कार्यान्वयनको लागि मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समिति तथा कार्यालयको कर्तव्य हुनेछ।

१९. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेः** मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

२०. **प्रचलित कानून बमोजिम हुने**: प्रचलित कानूनको सर्वमान्यतामा प्रतिकूल नहुने हदसम्म यस नियमावलीमा लेखिएको विषयमा यसै नियमावली बमोजिम र अन्य कुराको हकमा प्रचलित अन्य कानून बमोजिम हुनेछ।

२१. **बाधा अड्काउ फुकाउ**: यो नियमावलीको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा मन्त्रालयले निर्णय गरी त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

२२. **खारेजी र बचाउ**: "प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन) नियमावली, २०७५" खारेज गरिएको छ। उक्त नियमावली बमोजिम भएको काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

# अनुसूची-१
(नियम ८ को उपनियम (४) सँग सम्बन्धित)

## आयोजना कार्यान्वयन तालिका

| क्र.सं. | सञ्चालन हुने आयोजनाको विवरण | सञ्चालन हुने गा.पा./न.पा/ वडा नं./ टोल | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | सहभागिताबाट व्यहोर्ने रकम रु. | | | | जम्मा | लभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आयोजनामा बिनियोजित रकम | प्रदेश स्तरबाट | स्थानीय तहबाट | उ.स. बाट | | | |
| | | | | | | | | | | | | |

अनुसूची-२

(नियम ८ को उपनियम (४) सँग सम्बन्धित)

## सदस्य सचिवले मन्त्रालयमा पठाउनु पर्ने विवरण

जिल्लाः प्रदेश निर्वाचन क्षेत्रः आर्थिक वर्षः

| क्र.सं. | सञ्चालन हुने | | | | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | आयोजनाको नाम | स्थानीय तहको नाम | टोल | वडा नं. | | |
| १ | | ...... पालिका | | | | |
| २ | | ...... पालिका | | | | |
| ३ | | ...... पालिका | | | | |
| ४ | | ...... पालिका | | | | |
| ५ | | ...... पालिका | | | | |
| ६ | | ...... पालिका | | | | |
| ७ | | ...... पालिका | | | | |
| ८ | | ...... पालिका | | | | |
| ९ | | ...... पालिका | | | | |
| १० | | ...... पालिका | | | | |
| | | | | जम्मा | | |

हस्ताक्षरः

नामः

प्रदेश सभासदः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची-३

(नियम ८ को उपनियम (४) सँग सम्बन्धित)

आन्तरिक मामिला तथा कानून

१. आ.व.
२. बजेट उपशीर्षक नं.
३. मन्त्रालय
४. विभाग/संस्था
५. कार्यक्रम आयोजनाको नाम
६. स्थान (क) जिल्ला
(ख) गा.पा./न.पा./वडा नं.
७. आयोजना सुरु भएको मिति
८. आयोजना पूरा हुने मिति
९. आयोजना/कार्यालय प्रमुखको नाम

१०. वार्षिक बजेट रु.
(क) आन्तरिक (१) नेपाल सरकार
(२) प्रदेश सरकार
(३) संस्था
(४) जनसहभागिता
(ख) वैदेशिक (१) ऋण
(२) अनुदान
(ग) दातृ संस्था

११. आयोजनाको कूल लागतः सुरुको संशोधित
(क) आन्तरिक (१) नेपाल सरकार
(२) प्रदेश सरकार
(३) संस्था
(४) जनसहभागिता
(ख) वैदेशिक (१) ऋण
(२) अनुदान

१२. गत आ.व. सम्मका खर्च रु. (सोझै भुक्तानी र वस्तुगत समेत)
(क) आन्तरिक (१) नेपाल सरकार
(२) प्रदेश सरकार
(३) संस्था
(४) जनसहभागिता
(ख) वैदेशिक (१) ऋण
(२) अनदान

रु. हजारमा

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | आयोजनाको विवरण | सञ्चालन हुने न.पा./गा.पा | एकाई | आयोजनाको कुल क्रियाकलापको | | | सम्पूर्ण कार्यमध्ये गत आ .व. सम्मको | | वार्षिक लक्ष्य | | | प्रथम चौमासिक | | | दोश्रो चौमासिक | | | तेश्रो चौमासिक | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | परिमाण | लागत | भार | सम्पन्न परिमाण | भौतिक प्रगति | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | बजेट | |
| १ | २ | | | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| (क) | जम्मा | | | | | | | | | | | | | | | | | | | | | |
| (ख) | प्रशासनिक खर्च | | | | | | | | | | | | | | | | | | | | | |
| (ग) | कुल जम्मा | | | | | | | | | | | | | | | | | | | | | |

| | | |
|---|---|---|
| आयोजना/कार्यालय प्रमुख | विभाग/संस्था प्रमुख | प्रमाणित गर्ने |
| मिति | मिति | मिति |

स्वीकृत मितिः- २०७८/०६/२०

आज्ञाले,
किशोर कुमार चौधरी
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**